का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ असार २०८१,
बुधबार
10 July 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक १४८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रचण्डको ध्यान

# विपक्षी मोर्चा



सत्ताच्युत हुने भएपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड विपक्षमा रहने दलहरुका बीचमा मोर्चाबन्दी कस्नेतिर केन्द्रित भएका हुन् । नेताहरुका अनुसार विपक्षमा रहने सम्भावित दलहरुबीच संवाद शुरु भइसकेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड विगत १८ महिनादेखि सरकारको नेतृत्वमा छन् । कांग्रेससँग सत्ता समीकरणमा रहँदा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रचण्डले वामपन्थी र समाजवादी दलहरूलाई समेटेर समाजवादी मोर्चा बनाएका थिए ।

४ असार २०८० मा घोषणा भएको समाजवादी मोर्चामा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) नेपाल, एकीकृत समाजवादी र नेपाल कम्युनिस्ट पार्टी छन् । मोर्चाको नेतृत्व आलोपालो हुने सहमति अनुसार माधव नेपाल र नेकपामा नेत्रविक्रम चन्द विप्लवले नेतृत्व सम्हालेका छन् । हाल यो मोर्चाको संयोजकमा विप्लव नै छन् । यो मोर्चाले जिल्ला तहसम्म संरचना विस्तार गरिसकेको थियो ।

तर, २१ फागुन २०८० मा एमाले सत्तामा गएपछि मोर्चाको गतिविधि ठप्प प्राय भएको थियो । एमालेले सरकारमा संगै रहेका दलहरूका बीचमा छुट्टै मोर्चा आवश्यक नरहेको एमालेको तर्क थियो । साथै, मोर्चामा आवद्ध हुन मोर्चाले गरेको आग्रह एमालेले अस्वीकार गरेको थियो । त्यसपछि सिथिल भएको समाजवादी मोर्चा फेरि अगाडि बढाउन खोजिएको छ ।

सत्ताच्युत हुने भएपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड विपक्षमा रहने दलहरुको मोर्चाबन्दी कस्नेतिर केन्द्रित भएका हुन् । नेताहरूका अनुसार विपक्षमा रहने दलहरूबीच संवाद सुरु भइसकेको छ ।

सत्ताच्युत हुने भएपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड विपक्षमा रहने दलहरुका बीचमा मोर्चाबन्दी कस्नेतिर केन्द्रित भएका हुन् । नेताहरूका अनुसार विपक्षमा रहने सम्भावित दलहरूबीच संवाद सुरु भइसकेको छ । कांग्रेस र एमालेले नयाँ सरकार बनाउनेसहितको सहमतिमा पुगेका छन् । यो सँगै एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । एमालेले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री प्रचण्डले यही असार २८ गते विश्वासको मत लिँदैछन् । विश्वासको मत नपाउने निश्चित जस्तै छ ।

विश्वासको मत नपाएपछि माओवादी प्रमुख प्रतिपक्षी दलको रुपमा रहनेछ । यस्तो अवस्थामा विपक्षमा रहेका दलहरुको मोर्चा >>> पृष्ठ २ मा

# कर्णालीमा सवारी मर्मत खर्च अधिक




प्रदेश सभा सचिवालयले मध्यान्ह राष्ट्रिय दैनिकलाई उपलब्ध गराएको तथ्यांकमा सांसदहरुले गाडी मर्मत खर्च बापत एकै वर्षमा ४९ लाख २५ हजार ७४ रुपैयाँ लिएको देखिन्छ ।

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २५ असार ।

कर्णाली प्रदेशसभाका सांसदहरुले पछिल्लो एक वर्षमा गाडी मर्मतका ४९ लाख बढी रकम खर्च गरेको पाइएको छ ।

आर्थिक वर्ष २०८०/०८१ को जेठसम्म कर्णालीका ४० जना सांसद तथा कर्मचारीहरुले गाडी मर्मतमा ४९ लाख बढी रकम खर्च गरेको अभिलेख छ ।

४० जना सांसदहरुमा अधिकांशले गाडी मर्मत खर्च भन्दै सचिवालयबाट रकम लिए पनि केही सांसदले भने रकम नलिएको प्रदेश सभा सचिवालयले मध्यान्हलाई उपलब्ध गराएको तथ्यांक्कमा उल्लेख छ । उनीहरुले ४९ लाख २५ हजार ७४ रुपैयाँ खर्च भएको छ ।

यसरी गाडी मर्मतमा अधिक रकम खर्च गरेपछि सरकारको निकै आलोचना भएको छ ।

गाडी मर्मतमा बढी रकम खर्च गर्ने सांसदहरुमा सबैभन्दा बढी कल्याणी खड्का छिन् । उनले एकै वर्षमा ७ लाख १९ हजार २ रुपैयाँ खर्च गरेकी छिन् ।

यस्तै, सांसद दुर्गबहादुर रावतले ६ लाख ९२ हजार ३ सय २८, घनश्याम भण्डारीले ५ लाख ४६ हजार ५ सय ९५ रुपैयाँ खर्च गरेका छन् ।

४ लाख ४ हजार ६ सय २० रुपैयाँ प्रदेश सभा सचिव जिवराज बुढाथोकी चढ्ने गाडीमा खर्च भएको सचिवालयका सुचना अधिकारी उपेन्द्र गुरुङले जानकारी दिए ।

यस्तै, सांसद हिक्मत विष्टले ३ लाख ३० हजार ३ सय ९१ रुपैयाँ, जीत बहादुर मल्लले २ लाख २९ हजार ८ सय ९२, टेकराज पछाईले ३ लाख ७ हजार ८ सय ६५ खर्च गरेका छन्

रनसिङ परियारले २ लाख १७ हजार ९ सय ८०, उपसभामुख यसोदा न्यौपानेले एक लाख ६८ हजार >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## थप धरौटी र संख्या सयले व्यवसायी दोहोरो तनावमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असार

आर्थिक वर्षको अन्त्यतिर धेरै कामदार पठाउने र थोरै कामदार पठाउने दुवै अवस्थाका म्यानपावर कम्पनीले छुट्टाछुट्टै प्रकारका तनाव झेलिरहेका छन् । असार मसान्तसम्म सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीलाई इजाजतपत्र नवीकरण हुने/नहुने विषयले तनाव दिएको छ भने धेरै कामदार पठाएका म्यानपावर कम्पनीलाई धरौटी थप गर्नुपर्ने बाध्यता छ ।


आर्थिक वर्षको समाप्ति अर्थात असार मसान्त आउन एक हप्ताभन्दा कम समय रहेको र सत्ता गठबन्धनमा अन्योल सिर्जना भएपछि सय संख्या पुऱ्याउन नसकेका व्यवसायी परिस्थिति के हुने हो ? भन्ने थप चिन्तामा छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र राजनीतिक दल निकट व्यवसायी संस्थाका व्यवसायी नेताहरूले समस्या समाधानका लागि उच्चतम पहल गरेको बताएका छन् । उनीहरू 'भरे वा भोलि' नै मन्त्रिपरिषद्बाट बाधा अड्काउ फुकाउ आदेश आउने आश्वासन दिइरहेका छन् । तर परिणाम नआउँदा व्यवसायीहरुको छट्पटी रोकिएको छैन । असार मसान्तसम्म २ सय ५० म्यानपावर व्यवसायीले सय संख्या नपुऱ्याउने देखिएको छ ।

उता धेरै कामदार पठाएका व्यवसायीलाई इजाजत लिँदा बुझाएको धरौटी नै बढी भएको अवस्थामा थप धरौटी बुझाउनुपर्ने अवस्था छ । अघिल्ला वर्षहरूमा तोकिएको संख्याभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार विभागले लट नम्बर (एलटी) नै रोकेर धरौटी थप गर्न दबाब दिने गरेको थियो ।

तर यसपटक विभागले उदार व्यवहार गरेको छ । विभागले लिखितरूपमा कसैलाई धरौटी थप गर्न ताकेता गरेको छैन । चालु आर्थिक वर्षमा आधा दर्जनभन्दा बढी म्यानपावर कम्पनीले पूर्वनिर्धारित लक्ष्यभन्दा धेरै कामदार पठाएका छन् । विभागले उनीहरूलाई धरौटी थप गर्न मौखिक जानकारी गराएको विभागका निर्देशक तथा सूचना अधिकारी गुरूदत्त >>> पृष्ठ २ मा

### मन्त्रीको मुखै कानून ?

**काठमाडौं/मस–** तिमी जतिसुकै माथि होउ, तिमीभन्दा माथि कानून छ' भन्ने सार विधिको शासनको हो । विधिको शासनलाई 'कानूनको शासन', 'कानूनको सर्वोच्चता', 'संवैधानिक सर्वोच्चता' नामले समेत जान्ने गरिन्छ । यसको मूल सार शासक कानून मातहत रहनुपर्छ भन्ने हो ।



तर श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले >>> पृष्ठ २ मा

**नक्कली लाइसेन्स प्रकरण**

## यातायातका १५ कर्मचारीविरुद्ध मुद्दा दर्ता

पुराना र नवीकरण नहुने लाइसेन्समा नयाँ व्यक्तिको नाम वैधानिक तरिकाले चढाएर लाइसेन्स दिएको आरोपमा यातायात व्यवस्था कार्यालय बुटवलका तत्कालीन प्रमुख केशव पाण्डेसहित १५ जना यातयातका कार्यालयका कर्मचारीविरुद्ध मुद्दा दायर भएको हो ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २५ असार ।

नक्कली लाइसेन्स वितरण गरेको आरोपमा यातायात व्यवस्था विभागका १५ जना कर्मचारीविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ ।

सेवाग्राहीसँग पैसा लिएर नक्कली लाइसेन्स दिएको आरोपमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइवी) अनुसन्धान गरेको थियो । अनुसन्धानपछि सिआइवीले पेश गरेको प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले मंगलबार मुद्दा दर्ता गरेको हो ।

पुराना र नवीकरण नहुने लाइसेन्समा नयाँ व्यक्तिको नाम वैधानिक तरिकाले चढाएर लाइसेन्स दिदएो आरोपमा यातायात व्यवस्था कार्यालय बुटवलका तत्कालीन प्रमुख केशव पाण्डेसहित १५ जना यातयातका कर्मचारीविरुद्ध मुद्दा दायर भएको हो ।

लाइसेन्स वितरणको विद्युतीय प्रणाली सुरु हुनुभन्दा अघि ढड्डामा विवरण राखेर सवारीचालक अनुमति पत्र दिने गरिएको थियो । विद्युतीय प्रणाली आएपछि यातायातका कर्मचारीहरू समेतको मिलेमतोमा नक्कली लाइसेन्स विरण भएको अभियोगपत्रमा दाबी छ ।

सेवाग्राहीसँग एक लाखसम्म लिएर नक्कली लाइसेन्स दिएको अनुसन्धानबाट खुलेको देखिएको छ । सिआइवीले पक्राउ गरेकामा बुटवलमा कार्यालयका तत्कालीन प्रमुख अर्याल, अधिकृत सुवास पौडेल, राजेश लम्साल तथा कम्प्युटर अपरेटरहरु पदमराज आचार्य, दिलिपकुमार साह र केशव पौडेललाई सिआइबीले नियन्त्रणमा लिएको छ । मुद्दा दर्ता गर्दा नक्कली >>> पृष्ठ २ मा

JOB VACANCY

RECRUITMENT MANAGER -2 (M/F)
OPERATION MANAGER -2 (M/F)
PRO -5 (M/F)

Salary: Negotiable + Commission

Required Qualification & Skills

- Minimum of 2/3 years experience in an overseas employment agency as a Office Manager, Documentation and PRO.
- Nationwide strong network for candidates pooling.
- Basic knowledge of CVs & candidates screening
- Problem-solving skills
- Basic knowledge of CV/Resume
- Good communication skills in the English language
- Basic knowledge of Excel.

Contact : 9803827202 | 9803497942

मध्यान्ह
www.madhyanhadaily.com
२६ असार २०८१, बुधबार
10 July 2024, Wednesday

# झलनाथ प्रतिष्ठानमा भ्रष्टाचार : पाँच जनालाई कैद फैसला

**काठमाडौं/मस**–विशेष अदालतले सर्लाहीको लालबन्दीस्थित तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको भ्रष्टाचार प्रकरणमा ५ जनालाई कैदका साथै जरिवानाको फैसला गरेको छ।

मधेश प्रदेशका तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमारलाई सबैभन्दा बढी ९ वर्ष १ महिना कैद तोकिएको छ। उनलाई ८ वर्ष र उनको पदीय जिम्मेवारीका हिसाबले थप १ वर्ष १ महिना कैद हुने फैसला सुनाइएको छ। उनीबाट २ करोड ३५ लाख २९ हजार ३ सय ६८ रूपैयाँ असुल हुने ठहर पनि अदालतले गरेको छ।

प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायलाई




जनही ८ वर्ष कैद र मन्त्री विजयकुमारसरह नै जरिवाना असुल्ने फैसला विशेष अदालतले गरेको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा चलाए पनि सर्लाहीको लालबन्दी नगरपालिकाका पूर्वप्रमुख मानबहादुर खड्का र मधेस प्रदेशका तत्कालीन आर्थिक मामिला सचिव प्रेमकुमार श्रेष्ठले अदालतबाट भने सफाइ पाएका छन्।

गत असार ११ गते विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले ५ जनालाई दोषी ठहर गर्दै सजाय निर्धारणका लागि असार २५ मा पेसी तोकेको थियो। अख्तियारले प्रतिष्ठानको नाममा सरकारबाट १७ करोड ९८ लाख ३३ हजार रुपैयाँ खर्च भइसक्दासमेत कामको प्रगति शून्य देखिएपछि ७ जनाविरुद्ध २०८० असोज २१ गते मुद्दा दायर गरेको थियो। प्रतिष्ठानले विषालु सर्पको टोकाइमा प्रयोग हुने एन्टि स्नेक भेनम उत्पादन गर्ने उद्देश्यले लालबन्दी नगरपालिकासँगको सहकार्यमा एन्टि स्नेक भेनम उत्पादन तथा अनुसन्धान केन्द्र सञ्चालन गर्ने भनेको थियो।

# माधव नेपाल र अष्ट्रेलियन राजदूत वोल्फबीच भेटवार्ता

**काठमाडौं/मस**– नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र नेपालका लागि अष्ट्रेलियन राजदूत फेलिसिटी वोल्फबीच भेटवार्ता भएको छ।



मंगलबार एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगर काठमाडौंमा अध्यक्ष नेपाल र राजदूत वोल्फबीच भेटवार्ता भएको हो।

उक्त भेटमा दुई देशबीचको सम्बन्ध, आयाम, साझेदारी, सहयोग, मित्रता र समसामयिक विषयमा छलफल भएको अध्यक्ष नेपालको सचिवालयले जानकारी दिएको छ।

राजदूत वोल्फ केही समयपछि आफ्नो कार्यकाल सकेर स्वदेश फिर्ता हुँदैछिन्। भेटका अवसरमा अध्यक्ष नेपालले वोल्फलाई आफ्ना विभिन्न पुस्तकहरू उपहार प्रदान गरेको सचिवालयले जनाएको छ।

### जुम्ला प्रहरीको सार्वजनिक सुनुवाइ

# अपराध न्यूनीकरण गर्न थप सक्रियता बढाउन सुझाव



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २५ असार

जिल्ला प्रहरी कार्यालय जुम्लाले नागरिक सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको छ। शान्ति सुरक्षाको विषयमा सरोकारवालासँग राय सुझाव लिन र प्रहरीले दिँदै आएको सेवालाई थप प्रभावकारी बनाउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा सहभगीहरुबाट उठेको प्रश्नको जवाफ दिँदै जुम्ला प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीले प्रहरीले स्थानीयलाई सुरक्षाको प्रत्याभूत गराउन सबैसँग हातेमालो गर्दै आएको बताए।

उनले कार्यक्रममा उठेका प्रश्न तथा गुनासाहरूलाई सम्बोधन गर्दै समाजमा शान्ति सुरक्षा तथा अमन चयन कायम गर्नुका साथै समाजमा रहेका कुरीति तथा विसंगतिहरुलाई चिर्नका लागि नागरिकको भूमिका महत्वपूर्ण हुने बताए। उनले शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि यहाँका सरोकारवालाई पुलको रुपमा सहयोग गरिदिन अनुरोध गरे।

त्यस्तै जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख नरविर सुनारले प्रहरीले अपराध न्यूनीकरणका लागि थप सक्रियता बढाउनुपर्ने बताए।

त्यस्तै गुठी चौर गाउँपालिकाका अध्यक्ष दान बहादुर बुढाले अपराध नियन्त्रण र अनुसन्धान कार्यमा सहयोग गर्ने बताए।

उनले पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने पुनित कार्यमा हातेमालो गर्ने प्रतिबद्धता जनाए। उनले भने,'गुठीचौर गाउँपालिकाले मदिरा नियन्त्रण अभियान थालेको छ। सुरक्षित कर्णाली प्रदेश अभियानलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।'

त्यस्तै सिंजा गाउँपालिकाका अध्यक्ष पूर्ण प्रसाद धितालले समाजमा शान्ति सुरक्षा तथा अमन चयन कायम प्रहरीको भूमिका महत्वपूर्ण हुने बताए।

उनले समाजमा रहेका कुरीति तथा विसंगतिहरुलाई अन्त्य गर्नका लागि प्रहरी अझै थप जिम्मेवारी हुने अनुरोध गरे।

त्यस्तै जुम्लाका प्रमुख जिल्ला अधिकारी जय कुमार घिमिरेले सुशासन काम गर्नका लागि सेवाग्राही र सेवा प्रदायक बीचको दोहोरो सम्बन्ध स्थापित गर्न जरुरी रहेको बताए। उनले भने, 'सेवाग्राही र सेवा प्रदायक बीचको असमझदारीलाई हटाइ सुशासन, पारदर्शीता, जवाफदेहिता र जिम्मेवारीको बोध गराइ सुशासनमा सहयोग पुऱ्याउन प्रहरी कार्यालयले नागरिक सुनुवाइ कार्यक्रम गरेको छ।'

उनका अनुसार प्रहरीको एकल प्रयासले मात्रै अपराध न्यूनीकरण नहुने भन्दै नगारिकलाई सहयोग गर्नुपर्ने बताए। उनले राज्यको ऐन कानून नबुझेर पनि प्रश्न उठेको छ कि ? भनेर सबै सरकारी कार्यालयले नागरिक सुनुवाइ गर्नुपर्ने व्यवस्था रहेको बताए।

त्यस्तै नागरिकलाई सहज ढंगबाट आफ्ना अवस्था, काम, कर्तव्य अधिकार तथा सेवाग्राही र प्रदायकबीच समझदारी कायम गर्दै 'नागरिक-प्रहरी एक हौं' भन्ने बुझाइलाई नागरिकको घरदैलोमा पुऱ्याउन नागरिक सुनुवाइ कार्यक्रम गरिएको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ।

# कृष्णनगर न्यायिक समितिद्वारा ९२ प्रतिशत मुद्दा फछ्र्यौंट

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २५ असार

कपिलवस्तुको कृष्णनगर नगरपालिकाको न्यायिक समितिले ९२ प्रतिशत मुद्दा छिनोफानो गरेको छ। न्यायिक समितिका दर्ता भएको २७ वटा मुद्दामध्ये २५ वटा छिनोफानो गरेको न्यायिक समितिले जनाएको छ।

न्यायिक समितिमा दर्ता भएको २ वटा मुद्दा प्रकियामा रहेको मुद्दा फाँटका कर्मचारी श्याम प्रसाद थारुले जानकारी दिए। थारुका अनुसार न्यायिक समितिमा अधिकांश गाली बेइज्जती, घरेलु हिंसा, जग्गा सम्बन्धी, जग्गा विवाद वा भोग चलन गरेको लगायतका मुद्दाहरु दर्ता भएका छन्। न्यायिक समितिले आर्थिक वर्ष २०८०/०८१ मा लक्ष्य भन्दा बढी ९२ प्रतिशत मुद्दा फर्छ्यौट गरेको जनाएको छ।

न्यायिक समितिले मिलापत्र गरी ९ निर्णय गरेको छ। तमेलीमा ८ र मुलतबी २ वटा गरेको छ। न्यायिक समितिका संयोजक उप-प्रमुख आरती देवी चौधरी, सदस्य वडा अध्यक्ष हरिपाल चतुर्वेदी सदस्य सुशिला देवी नाउ समेत ३ सदस्यीय समिति रहेको छ।

न्यायिक समिति संयोजक आरती देवी चौधरीले न्यायिक समितिले न्यायोचित मुद्दा छिनोफानो गर्दै आएकोले जनतालाई सहज भएको बताइन्। स्थानीय सरकारलाई मेलमिलापको




माध्यमबाट विभिन्न विवाद मिलापत्र गर्ने अधिकार प्राप्त भएपछि न्यायिक समितिप्रति जनताको विश्वास बढेको उनको भनाइ छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) अनुसार देहायको विवाद निरुपण गर्ने अधिकार अन्तर्गत र त्यस्तै दफा ४७ (२) अनुसार देहायको विवादहरुमा मेलमिलापको माध्मबाट निरुपण गर्ने अधिकार स्थानीय सरकारलाई प्राप्त छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्यायिक समितिको अधिकार क्षेत्रभित्रको मुद्दामा भएको काम कारवाहीको न्याय प्रशासन ऐन, २०७३ को दफा २१ तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९४ बमोजिम यस अदालतका प्रमुख जिल्ला न्यायाधीश प्रकाशचन्द्र अधिकारीद्वारा मिति २०८१ असार १४ गते शुक्रबार न्यायिक कार्य सम्बन्धी काम कारवाहीहरुमा निरीक्षण गरिएको कृष्णनगर नगरपालिकाका मुद्दा फाँटका कर्मचारी श्याम कुमार थारुले बताए।

# प्रतिष्ठानका नवनियुक्त निमित्त निर्देशक डा.पन्थीलाई स्वागत

**सपना बोहरा/मध्यान्ह**
दाङ, २५ असार

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले नवनियुक्त निमित्त निर्देशक डा.जनार्दन पन्थीलाई स्वागत गरेको छ। डा.पन्थीलाई प्रतिष्ठानका रजिष्ट्रार प्राध्यापक श्याम लम्साल, परीक्षाका डिन प्राध्यापक डा. दिनेश लम्साल, निवर्तमान निमित्त निर्देशक डा.रमेश कँडेलले अस्पतालमा स्वागत गरेका हुन्।

डा.पन्थीले मंगलबारदेखि नै पदभार ग्रहण गरेका छन्। प्रतिष्ठानमा आफ्नो जिम्मेवारी सम्हालेका डा.पन्थीले प्रतिष्ठानका योजनाहरु कार्यान्वयनमा सहयोग पुऱ्याउने बताए।

लुम्बिनी प्रदेश मन्त्रालयमा रहँदा एमबीबीएसको कार्यक्रम लगायत अस्पतालका अन्य विकासको लागि पहल गर्दै आएकाले आफ्नो जिम्मेवारी अनुसारको दायित्व बहन गर्ने बताए। प्रतिष्ठानका प्रशासनका कर्मचारी र नर्स तथा डाक्टरलाई सेवा प्रवाह गर्ने क्रममा कमिकमजोरी नहुने गरी चुस्तदुरुस्त रुपमा काम गर्न अनुरोध गरेका थिए।

मुस्कानसहितको सेवालाई आत्मसात गर्न उनको सुझाव थियो। प्रतिष्ठानले विगतको तुलनामा स्वास्थ्य सेवामा तथा पूर्वाधार विकासमा धेरै सुधार भएको उनले बताए। प्रतिष्ठानमा स्वास्थ्य सेवासँगै शैक्षिक गतिविधिहरु पनि अघि बढ्दै गइरहेको अवस्था छ। डा.पन्थीले भने 'प्रतिष्ठानको उपचार सेवालाई चुस्तदुरुस्त बनाउन सक्दो कोसिस रहने छ।'

कार्यक्रममा नवनियुक्त परीक्षाका डिन प्राध्यापक डा. दिनेश लम्सालले प्रतिष्ठान सबैको साझा सम्पत्ति भएकाले सस्थागत संरचना बलियो बनाउनुपर्ने बताए।

प्रतिष्ठानका रजिष्ट्रार प्राध्यापक श्याम लम्सालले अस्पतालको स्वास्थ सेवा सुधारसँगै एमबीबीएस कार्यक्रम सञ्चालन गर्ने गरी तयारी तीव्र पारिएको जानकारी गराए। उनका अनुसार प्रतिष्ठानमा २२ जना विशेषज्ञ चिकित्सक शिक्षक र ४ जना विशेषज्ञ नर्सिङ शिक्षकहरू थपिएर आइसकेका छन्। प्रतिष्ठानका रजिष्ट्रार प्राध्यापक श्याम लम्सालको अध्यक्षतामा कार्यक्रम भएको थियो।

### बाणगंगा-६ को सार्वजनिक सुनुवाइ

# स्वच्छ खानेपानी उपलब्ध गराउने प्रतिबद्धता

**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु ,२५ असार

कपिलवस्तुको बाणगंगा नगरपालिका वडा नं. ६ को सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ। वडाले हालसम्म सम्पादन गरेका कामको प्रभावकारिता तथा नागरिकको सुझाव र गुनासो सुनुवाइ गर्ने उद्देश्यका साथ सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा वडा अध्यक्ष करुण टन्डनले वर्ष भरीको प्रगती विवरण सुनाउँदै वडाको समग्र पूर्वाधार निर्माण, सामाजिक विकासका कार्यक्रम, बाणगंगा ६ का योजनाबाट समृद्ध वडा निर्माणमा उल्लेखनीय उपलब्धी हासिल भएको बताए।

कार्यक्रममार्फत उनले चालु आर्थिक वर्षको साउनयता भएका सम्पूर्ण योजना, कार्यक्रम तथा गतिविधिहरुको विस्तृत विवरण पेश गरेका थिए।

सागर वि.क ले सञ्चालन गरेको उक्त कार्यक्रममा नागरिक गुनासो तथा सुझाव खण्डमा सहभागी वडावासीहरुले आफ्नो राय व्यक्त गर्दै वडाको कामप्रति आफुहरु निकै सन्तुष्टि भएको बताएका थिए।



कार्यक्रमलाई सम्बोधन गर्दै वडाअध्यक्ष टण्डनले भने, 'वडाअध्यक्ष जनताको सेवक हो। जनताको सेवालाई नै मैले धर्म ठानेको छु। गफ गर्न होइन् काम गर्न आएको हुँ।' उनले विगतको वर्षमा आफु बामे सर्दै अघि बढेको भन्दै अहिले आफु दौड्न सक्ने भएको बताए।

उनले बाणगंगा नगरपालिका बालमैत्री पालिका घोषणा भएपनि व्यवहारिक रुपमा लागु हुन नसकेको बताए। उनले महिलाहरुमा सीप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई वडाले अघि बढाएको बताए। उनले ठोस परिणाम नदेखिने तथा उपलब्धि नहुने कार्यक्रम वडाले नगर्ने स्पष्ट पारे। उनले वडामा सबैलाई समान रुपले समेटेर अघि बढेको दाबी गरे। उनले वडाका हरेक गतिविधिमा सबैको समान सहभागिता होस् भन्ने आफ्नो चाहना रहेको सुनाए। वडाको आफु अभिभावक भएकाले सबै वडावासी समान रहेको उनको भनाइ छ।

उनले जेष्ठ नागरिकहरुको लागि विगतको वर्षमा वडाले भजनकृतनका सामग्री वितरण गरिएको स्मरण गरे। टिनको छानो मुक्त घर निर्माण गर्न वडा लागि परेको बताए। उनले आवश्यकता अनुसार टिन वितरण गर्दै आएको जानकारी दिए।

उनले वडाका केही क्षेत्रमा खानेपानीको समस्या रहेको स्वीकार गर्दै वडावासीलाई स्वच्छ उनले अबको 'घ' वर्षमा खानेपानीको समस्याको अन्त्य हुने दाबी गरे। उनले शिक्षकहरुको माग अनुसार यस वर्ष बजेट विनियोजन गरेको जानकारी गराए। उनले विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तरवृद्धि गर्न आफु सदैव प्रयासरत रहेको बताए। उनले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुको साटो विनास गरिरहेको भन्दै सबैमा चेतनाको वृद्धि हुन आवश्यक रहेको बताए।

## थप...

बरालले जानकारी दिए। वैदेशिक रोजगार ऐनको दफा ११ अनुसार म्यानपावर कम्पनीहरूले इजाजतपत्र लिँदा वार्षिक तीन हजारसम्म कामदार पठाउने लक्ष्य राखेर इजाजत माग गर्ने संस्थासँग धरौटीबापत पचास लाख नगद र एक करोड ५० लाखको बैंक ग्यारेन्टी, वार्षिक ३ हजारभन्दा बढी ५ हजारसम्म कामदार पठाउने संस्थासँग धरौटीबापत एक करोड नगदै र ३ करोडको बैंक ग्यारेन्टी तथा ५ हजारभन्दा बढी कामदार पठाउने संस्थासँग धरौटीबापत २ करोड र ४ करोडको बैंक ग्यारेन्टी लिनुपर्ने र तोकिएको धरौटी राखी इजाजतपत्र प्राप्त गरिसकेपछि इजाजतपत्रवालाको कारोबारको अनुपातमा सो धरौटी अपर्याप्त देखिन आएमा विभागले आवश्यकताअनसुार थप धरौटी दाखिला गर्ने आदेश दिने प्रावधान छ।

ऐनको दफा ११ अनुसार फरक-फरक वर्गमा धरौटी राखेका म्यानपावर कम्पनीले आर्थिक वर्ष शुरुवात साउन वा भदौमा नै तोकिएभन्दा बढी कामदारको श्रम स्वीकृति लिएको अवस्थामा तत्कालै धरौटी थप गर्न लगाउने हो वा आर्थिक वर्ष समाप्त हुने बेला थप गर्न लगाउने हो ? भन्नेबारे विभागको यसपटकको व्यवहारले अस्पष्टता सिर्जना गरेको कतिपयको भनाइ छ। असार मसान्तसम्म धरौटी थप नगरे साउनबाट नयाँ आर्थिक वर्ष शुरु भइ परिस्थिति परिवर्तन हुनेछ।

## प्रचण्डको...

कसिलो बनाउने प्रयासमा माओवादी लागेको हो। नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल नै समाजवादी मोर्चालाई अघि बढाउन इच्छुक भएपछि विपक्षमा रहने सम्भावित दलहरुको मोर्चाबन्दी हुने भएको हो।

समाजवादी प्रेस संगठन कास्कीले पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा सम्बोधन गर्दै अध्यक्ष नेपालले समाजवादी मोर्चालाई नयाँ ढंगले अघि बढाउनुपर्ने बताए। नेपालमा समाजवादका पूर्वाधार निर्माण र त्यसतर्फको यात्राका लागि मोर्चा आवश्यक रहेको उनको भनाइ छ।

'हामीले समाजवादी मोर्चा नयाँ तरिकाले अघि बढाउन चाहेका छौँ। विभिन्न घटक र समूहसँग कुरा भएको छ। पाँच वटा घटक एक ठाउँमा हुन तयार छन्' उनले भने, 'उपेन्द्र यादवको जसपालाई पनि ल्याउन खोजेका छौँ।'

यादव नेतृत्वको जसपा नेपाल फुटेर जसपा बनेको छ। यी दुवै दल आउने सम्भावना कम रहेको नेताहरू बताउँछन्।

बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी फुटेर रहेको महिन्द्र यादव नेतृत्वको पार्टी पनि छ। उक्त पार्टीलाई समेत मोर्चामा सहभागी गराएर अघि बढाउने तयारी गरिएको छ।

## कर्णालीमा...

९८ रुपैयाँ, मुख्यमन्त्री यामलाल कँडेलले ७५ हजार ८ सय ३ र जीवन बहादुर शाहीले ७३ हजार ७ सय ८९ रुपैयाँ खर्च गरेको सुचना अधिकारी गुरुङले जानकारी दिए।

प्रदेशका कानुन् विद् अर्जुन भुसाल चढ्ने गाडीमा ४ हजार ३ सय ५० रुपैयाँ खर्च भएको छ।

कार्यालय प्ररियोजन प्रयोग हुने बा २ झ ५५१ र बा २ झ २४०१ नम्बरको गाडीमा मात्रै ६ लाख १५ हजार ७ सय ९३ रुपैयाँ खर्च भएको छ भने उपसचिव चढ्ने गाडीमा ९३ हजार ४ सय ५१ रुपैयाँ खर्च भएको छ।

यता प्रदेश सभा सचिव जीवराज बुढाथोकीले आफ्नो गाडीमा ४ लाख बढी खर्च आउनु सामान्य भएको बताए।

उनले आफु चढ्ने गाडी पुरानो भएको र विभिन्न कार्यक्रम जाने भएकाले खर्च बढी आएको बताए।

'म विभिन्न कार्यक्रममा जान्छु। त्यति मात्रै होइन् काठमाडौं तथा अन्य प्रदेशमा पनि गाडीमै जान्छु' उनले भने, 'गाडी समेत पुरानो हो। त्यही भएर खर्च बढी आयो होला। तर यो खर्च सामान्य हो।'

सांसद कल्याणी खड्काले आफ्नो गाडी गत असार ९ गते दुर्घटनामा परेकाले खर्च बढी आएको बताइन्। उनले गाडी पुरानो र दुर्घटनामा परेर ध्वस्त भएकाले ७ लाख खर्च आएको बताइन्।

'म गत वर्ष चौरजहारीमा दुर्घटनामा परेँ। गाडी पनि पुरानो थियो। त्यसैमा दुर्घटनामा परेर ध्वस्त भयो। त्यही भएर मर्मत खर्च यति धेरै आयो होला' उनले भनिन्।

यस्तै, सांसद घनश्याम भण्डारीले बाटोको समस्याले गाडी मर्मत खर्च बढी आएको बताए।

'म कर्णालीका ३ जिल्लामा गएको छैन्। अन्य ७ जिल्लामा गाडी गएको छु। बाटोको समस्या त्यस्तै छ' त्यसैमा गाडी पुरानो भयो। त्यसैले केही रकम बढी आयो होला' उनले भने।'

उनले पहिलेका सांसद भन्दा आफुहरु अनुगमन तथा विभिन्न कार्यक्रमहरु बढी जाने भएकाले पनि खर्च बढी आएको बताए।

प्रदेश सभाका समितिका सभापति रहेका दलका नेताहरूले प्रयोग गर्ने गाडी बिग्रियो भने शुरूमा मर्मत गर्ने ग्यारेजमा देखाइन्छ। प्रदेश सभा सचिवालयका सुचना अधिकारी गुरुङले गाडी मर्मत रकम भुक्तानी कम्पनीको नाम दिने गरेको बताए।

'गाडी मर्मतको रकम दाबी ग्यारेजले गर्दछ र मर्मत कार्य गर्दा पहिले के के मर्मत गर्ने सोको अनुमानित खर्च अर्थात स्टिमेट पेश भएर हुने गर्दछ' उनले भने।

## थप...

सोमबार वैदेशिक रोजगार विभागमा उपस्थित भइ उजुरी फरफारक पछि मात्रै म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न दिएको निर्देशन कानूनको शासन अनुरूप छ ? भन्ने प्रश्न उठाएको छ। मन्त्री अर्यालले वैदेशिक रोजगारमा जाने कामदार नठगिउन् भन्ने पवित्र मनसायले उक्त निर्देशन दिएका हुन सक्छन्। तर वैदेशिक रोजगार ऐनले मन्त्री अर्याललाई उक्त निर्देशन दिने अधिकार दिएको देखिँदैन।

विभागले गत असार १ गते नै इजाजत नवीकरणका सूचना जारी गरेको थियो। सूचनामा नवीकरणका लागि नवीकरण दस्तुर दश हजार रुपैयाँ जम्मा गरेको भौचरसहित सञ्चालक समितिको निर्णयसहित आर्थिक वर्ष २०७९/०८० को कम्पनी अद्यावधिक, करचुक्ता, शेयर लगत, आर्थिक वर्ष २०८०/०८१ मा सय जना कामदार पठाएको प्रमाण पेस गर्न भनेको थियो।

उक्त सूचनामा उजुरीको विषय उल्लेख थिएन। न त यसअघिका आर्थिक वर्षमा त्यस्तो अभ्यास थियो। मन्त्रीले मौखिक निर्देश दिनुअघि उजुरी फछ्र्यौटको विषय सूचनामा नै उल्लेख गर्नुपर्ने थियो, त्यसो गरिएन। अर्कोतिर इजाजत नवीकरणको विषय ऐनले महानिर्देशकलाई जिम्मेवार बनाएको छ। गलत गरेमा वा राम्रो गरेको अवस्थामा त्यसको प्रतिफल महानिर्देशकको हुने हो। सूचनामा उजुरी फछ्र्यौटको विषय समावेश नगरेका महानिर्देशकले मन्त्रीको आदेश शिरोधार्य गर्छन् वा वैदेशिक रोजगार ऐन र नियमावलीमा के लेखिएको छ हेर्छन्। त्यसका लागि केही दिन पर्खिनुपर्नेछ।

## यातायातका...

लाइसेन्स वितरणमा संलग्न लक्ष्मण पाण्डे, रामकृष्ण श्रेष्ठ, विनोद भण्डारी, ज्ञानराज पाण्डे, नारायणप्रसाद पाण्डे, विवेक भण्डारी, विजय चौधरी, फानेश्वर सापकोटा र सन्दिप श्रेष्ठलाई पनि प्रतिवादी बनाइएको छ।

सिआइबीले नक्कली लाइसेन्स दिलाउन भन्दै रकम बुझाएका व्यक्तिहरूसँग समेत कागज गरेको छ। कतिपय व्यक्तिहरूले लाइसेन्स निकालिदिने भन्दै एक लाख रुपैयाँसम्म बुझाएको बताइन्छ।

भनुक्याएर रकम लिएर लाइसेन्स वितरण गरेको र जानी जानी समेत रमम दिएर लाइसेन्स लिएको अनुसन्धानमा खुलेको छ। यो लिखत सम्बन्धी कसुर भएको भन्दै अनुसन्धान गरेको थियो। प्रहरीले सरकारी वकिल कार्यालय काठमाडौंलाई अनुसन्धान प्रतिवेदन बुझाएको थियो। उक्त कसुर अनुसार नै सजायको मागदाबी गरी सरकारी वकिलले आइतबार अदालतमा मुद्दा दर्ता गरेको हो।

**काठमाडौं महानगरपालिका**
**३२ नं. वडा कार्यालय कोटेश्वर, काठमाडौं**
**पर्सा जिल्ला जितपुर गा.पा. स्थायी ठेगाना भएका अक्षय चौधरीको नाममा कोठा खाली गर्ने सम्बन्धमा जारी भएको १५ (पन्ध्र) दिने सूचना**

यस वडाको जडिबुटीस्थित उषा कार्की बस्नेतको नाममा रहेको कि.नं. १२६ मा निर्माण भएको घरमा तपाईंले भाडामा लिई लिई प्रयोग गर्नुभएको १ (एक) कोठा बन्द गरी विगत ६ महिनादेखिको भाडा समेत नदिई हालसम्म पनि सम्पर्कमा नआउनु भएकोले उक्त भाडामा लिएको फल्याट खाली गराइपाउँ भनी निवेदन दिनु भएको हुँदा यस कार्यालयबाट तपाईं बहालमा बसेको घर दैलोमा मिति २०८१/०३/०९ मा ७ (सात) दिनभित्र तपाईंले उक्त १ (एक) कोठा खाली नगर्नुपर्ने कारण भए लिखित जवाफ सहित उपस्थित हुनको लागि सूचना टाँस गर्दा समेत सम्पर्कमा नआउनु भएकोले तपाईंले भाडामा लिनुभएको उक्त १ (एक) कोठा खाली गर्नु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लिखित जवाफ सहित उपस्थित हुन आउनुहोला अन्यथा काठमाडौं महानगरपालिका घरबहाल निर्देशिका २०७९ को २७ (६) बमोजिम यसै कार्यालयबाट खाली गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AZSCO FOR FACILITIES SECURITY SERVICES COMPANY WLL — शहर: Kuwait
पूर्व स्वीकृत मिति:२०८१/०३/२५ — चलानी नं.: ६०२२२०५४ — L.T. No.: 307351

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner(Indoor) | 8 | 0 | सम्बन्धित काममा दक्ष | 85 | ३७,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 2 | 0 | | 140 | ६०,९८७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि)
टोखा १०, अल नेपाल हस्पिटल नजिक नमस्ते मासु पसलको छेउ
Govt. Lic. No. 1156/073/074 — फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८१८६५८०९८, ९८०१८९४४३३

# सार्वजनिक जग्गा विवाद : वीरगञ्ज महानगरपालिकाको पक्षमा सर्वोच्चको फैसला

**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २५ असार






वीरगञ्ज महानगरपालिकास्थित आदर्शनगर रंगशाला अगाडि रहेको सार्वजनिक जग्गाको विवादमा एक दशकपछि सर्वोच्च अदालतले महानगरपालिकाको पक्षमा फैसला सुनाएको छ ।

उक्त सार्वजनिक जग्गा आफ्नो रहेको भन्दै जुगुनु राज्य लक्ष्मी शाहले जिल्ला अदालत र तत्कालिन पुनरावेदन अदालत हेटौंडाबाट समेत आफ्नो पक्षमा फैसला गराउन सफल भएता पनि सर्वोच्च अदालतले महानगर पालिकाको पक्षमा फैसला सुनाएको हो ।

जिल्ला र पुनरावेदन अदालतको फैसला चित्त नबुझेको भन्दै मुद्दा दोहोऱ्याइ हेरी पाउँ भनि तत्कालिन वीरगञ्ज उपमहानगरपालिका (हाल वीरगञ्ज महानगरपालिका)ले २०६८ साउन २० गते सर्वोच्च अदालतमा निवेदन दिएको थियो । सर्वोच्चले २०७१ असार २० गते मात्रै मुद्दा दोहोऱ्याइ हेरी पाउने निस्सा दिएको थियो ।

त्यसपछि पटक-पटक पेशी चढेर विभिन्न आदेश हुँदै सर्वोच्च अदालतका न्यायाधिशद्वय डा.कुमार चुडाल र कुमार रेग्मीको संयुक्त इजलासले जिल्ला र पुनरावेदन अदालतको फैसला उल्टाउँदै उक्त जग्गा महानगरपालिकाको हुने फैसला गरेको हो । योसँगै वर्षौदेखि देखिएको उक्त जग्गाको विवाद निरुपण भएको छ ।

सर्वोच्चमा महानगरको पक्षबाट अधिवक्ता कमल मोहन पोखरेल, प्रमोद प्रसाद, सुरेश पोखरेल, इश्वर बराल र धन बहादुर थापाले बहस गरेका थिए । जुगुनुको तर्फबाट भने पूर्व महान्यायाधिवक्ता समेत रहेका महादेव यादव, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, सुधिर कर्ण लगायत ८ जनाले बहस गरेका थिए ।

तत्कालिन छपकैया गाउँ पंचायत वडा नं. ७ हाल वीरगञ्ज महानगरपालिका वडा नं. १० आदर्शनगर रंगशाला अगाडिको कित्ता नं. ५७ को करोडौं मूल्य पर्ने ३ कट्ठा ९ धुर जग्गा अब महानगरको अधिनमा आएको छ ।

नगर विकास समितिले त्यसबेला अधिग्रहण गरेर लिएको उक्त जग्गा व्यक्ति विशेषले आफ्नो बनाउन लागि परेका थिए ।

सर्वोच्चको आदेशसँगै सार्वजनिक जग्गा व्यक्तिगत बनाउन खोज्नेहरुको प्रयास विफल भएको वीरगञ्ज महानगर पालिकाका उपप्रमुख इम्तियाज आलमले बताए ।

अतिक्रमित सार्वजनिक जग्गाको खोजी गर्दै खाली गराउने अभियानका साथै विभिन्न समयमा अदालतमा जाहेर भएका जग्गा सम्बन्धी मुद्दाहरुमा समेत प्रमाण संकलन गरेर महानगरले आफ्नो पक्षमा ल्याउने काम गरिरहेको उनले बताए ।

यसअघि जीपी फाउण्डेसनको नाममा अतिक्रमण गरेर कांग्रेस नेता समेत रहेका महम्मद साह बुद्धिनले व्यक्तिगत प्रयोजनमा प्रयोग गर्दै आएको आदर्शनगरकै १ कट्ठा जग्गा समेत आफ्नो पक्षमा ल्याउन महानगर सफल भएको वीरगञ्ज महानगर पालिकाका प्रमुख राजेशमान सिंहले बताए ।

# बरुवा खोलाले गाईघाट जोखिममा, मन्त्री कार्कीद्वारा निरीक्षण



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २५ असार

बरुवा खोलाले बाध जाली कटानसँगै गाईघाट बजार जोखिममा परेपछि कोशी प्रदेशका खानेपानी, सिँचाइ तथा उर्जा मन्त्री एकराज कार्कीले बरुवा खोलाले कटान गरेको स्थानको निरीक्षण तथा अनुगमन गरेका छन् ।

लगातार वर्षाका कारण बरुवा खोलाको बहाव बढेसँगै ढिम्कीस्थित बरुवा खोलामा लगाइएको जाली बाध खोलाले कटान गरेपछि गाईघाट जोखिम परेको छ ।

मन्त्री कार्की र प्रदेश उपसभामुख सिर्जना दनुवार, त्रियुगाका मेयर बसन्त बस्नेत, उपमेयर महेश्वरी राई लगायत सम्बन्धित सरोकारवाला निकायले एकसाथ खोलाको निरीक्षण गरेका हुन्। खोला कटानसँगै साकेलाथान, गाईघाट र त्यस आसपासका बस्ती जोखिममा परेका छन् ।

खोलाले बाँधमा क्षति पुऱ्याएर बस्ती क्षेत्रमा कटान गर्दै आएको छ। खोलाको जोखिम बढेपछि स्थानीयहरु त्रसित भएका छन्। नेपाल प्रहरी, आर्मी र सशस्त्र प्रहरीले केही रोकथाम गर्ने प्रयास गरेपनि दिगो सुरक्षा नभएको स्थानीयले बताए । निरन्तर वर्षा आएर बाढी बढ्यो भने फेरि जोखिम सिर्जना हुने अवस्था छ । कटान निरीक्षण पश्चात मन्त्री कार्कीले जनताहरुको सुरक्षामा लागि पर्ने प्रतिबद्धता जनाए । बाँधलाई व्यवस्थापन र जनताको सुरक्षामा भूमिका प्रदेश सरकारले निभाउने उनले जनाए । बाढी प्रभावित क्षेत्रका जनताहरुलाई सुरक्षित हुन अनुरोध गर्दै सबै तह यस विपद् समाधानमा सामेल हुन उनले आग्रह गरे ।

# पूर्वाधारको क्षेत्रमा छलाङ मार्दै संघीय कार्यान्वयन इकाइ भैरहवा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ असार



संघीय कार्यान्वयन इकाइ रुपन्देहीका प्रमुख धर्मेन्द्र पन्थीले कर्मचारीहरुको मिहिनेतका कारण कार्यालयले ५ जिल्लामा सोचे भन्दा धेरै कामहरु गर्न सफल भएको बताएका छन् ।

कार्यालय प्रमुखको रुपमा हाजिर भएपछि पन्थीले गुल्मी, अर्घाखाँची, रुपन्देही, पाल्पा, कपिलवस्तुका सबै फिल्डमा पुगेर योजनाहरुको अनुगमन गर्दै गुणस्तरीय काम गर्न/गराउन अनुरोध गरेका थिए ।

अहिले विभिन्न ठाउँमा भवनहरु, हस्पिटलहरु, सभाहल, सडकहरु जनताको चाहना र माग अनुसार काम गरिरहेको पन्थीले बताए ।

प्रमुख पन्थीसहित कर्मचारीहरु बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म काम गरी असार मसान्तसम्म भुक्तानी कुर्न नहुने भन्दै कामलाई द्रुत गतिमा अगाडि बढाएपछि सो कार्यालय अहिले नमुना कार्यालयको रुपमा विकसित हुँदै आएको छ ।

पन्थीले गुणस्तरीय काम गर्न सम्बन्धित पक्षलाई अनुरोध गर्दै फिल्डमै पुगेर योजनाहरुको आफै नापजाँच गर्ने र काम समयमा सम्पन्न गर्न निर्देशन दिएको कारण असार मसान्त अगाडि बहुवर्षीय बाहेकका सबै योजनाहरु सम्पन्न भएका छन् ।

रुपन्देही, गुल्मी, कपिलवस्तु, अर्घाखाँची, पाल्पामा भएका संघीय कार्यान्वयन इकाइले गर्ने कामहरु गुणस्तरीय छन् । सितगंगा नगरपालिका वडा नम्बर ३/४ मा भइरहेको योजनाहरुको स्थलगत निरीक्षण गर्दै पन्थीले गुणस्तरमा सम्झौता नगर्न र तोकिएको समयभित्रै काम सम्पन्न गर्न निर्देशन दिएका थिए ।

अर्घाखाँचीको सितगंगामा निर्माण भइरहेको बीचमा रोकिएको प्राथमिक स्वास्थ्य केन्द्र भवनको काम लामो समयदेखि निर्माण व्यवसायीले काम नगरी बीचमै अलपत्र भवनको काम समेत पन्थीले शुरु गराउँदै सितगंगामा रहेका केही सडकको काम समेत शुरु गराउँदै काम अगाडि बढाएका छन् । अब अस्पताल बाहेक सबै कामहरु अन्तिम चरणमा पुगेका छन् ।

'तोकिएको म्यादभित्र गुणस्तरीय काम सम्पन्न गर्नुपर्छ, गुणस्तरमा कुनै सम्झौता हुँदैन निर्माण व्यवसायीलाई केही अप्ठ्यारा समस्या हामीले राज्यको प्रतिनिधिको हैसियतले सबै सहयोग गर्न तयार छौं,' कार्यालय प्रमुख पन्थीले भने,' इकाइ रुपन्देही मातहतमा हुने सबै काम गुणस्तरीय हुनुपर्छ, तपाइहरु काम राम्रो गर्नुस्, कर्मचारीका अगाडि पछाडि लाग्न पर्दैन ।'

उनले संघीय इकाइ मातहतका गुल्मी, अर्घाखाँची, रुपन्देहीका विभिन्न ठाउँहरुमा भवन निर्माण गर्ने, कालोपत्रे गर्ने, सडक ढलान, आरसीसी गर्ने, सघन सहरी योजनाहरु, संघीय सघन बस्ती निर्माण गर्ने जस्ता योजनाहरु रहेको र ती योजनाहरु गुणस्तरीय जनताले सरकार भएको अनुभूती गर्ने गरी काम गर्न कर्मचारी सरोकारवालालाई अनुरोध गरेका छन् ।

सहरी विकास मन्त्रालयमार्फत ५ जिल्लामा महत्वपूर्ण ठूला योजनाहरु अहिले संघीय इकाइ कार्यनयन अन्तर्गत पर्छन् भने केही योजनाहरु बीचमा अलपत्र परेका थिए । अहिले पन्थीले निर्माण व्यवसायीसँग घनिभूत छलफल गरेपछि अलपत्र योजनाहरुको काम शुरु भएको थियो । अहिले असार २५ गतेसम्म कामको निकै प्रगति भएको छ । आफूले सोही अनुसार काम गरिरहेकाले छिटो काम सम्पन्न हुनेमा विश्वास लिएको पन्थीको भनाइ छ ।


## ओमन र साउदीमा रोजगार

कम्पनी : HIGH DUNES
शहर : Oman

पूर्व स्वीकृत मितिः २०८१/०३/२५ चलानी नं.: ६०२२२०४७ LT. No.: 307262

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 150 | ५२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०३/२५ चलानी नं.: ६०२२२०४५ LT. No.: 307403

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Erector | 10 | 0 | स. काममा दक्ष | 1500 | ५३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ७०६/०६४/०६५
का.म.न.पा-०४, धुम्रबाराही काठमाडौं, नेपाल, फोनः ४९७०६६९
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MANDOUB AL-DHAK FOR LOGISTIC SERVICES COMPANY शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०३/२५ चलानी नं.: ६०२२२०४८ LT. No.: 307387

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 35 | 0 | स. काममा दक्ष | 1000 | ३५,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
C.D. HR Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9808793080/ 9818272436/ 9826035409 /9823772238

## साउदीमा रोजगारको अवसर

कम्पनी : AL KIFAH PRECAST FACTORY
शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०३/२५ चलानी नं.: ६०२२२०५१ LT. No.: 307396

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
3 Brothers Human Resource Pvt. Ltd.
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७
९८१८०४७४४३, ९८५१०२३५९४, ९८५११२७०६३, ९८५११८६१२५, ९८५१०१२१०२
E-mail: threebrothershrrec@gmail.com

## साउदीमा रोजगारको अवसर

कम्पनीः SANABLI SWEETS BAKERIES
शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०२/२२ चलानी नं.: ६०२२०६५२ L.T. No.:305882 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 5 | 0 | | 1000 | ३५,५४० | | | | | | | |
| 3. | Bus Driver | 1 | 0 | | 1800 | ६३,९७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ असार २८ गते (12 July 2024) हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic. No. 141/055/056
Sinamangal-9,kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com


### गोपीकृष्ण सेन्ट्रल कम्प्लेक्स प्रा.ली को शेयरधनीज्यूहरुको लागि वार्षिक साधारण सभाको सूचना

यस **गोपीकृष्ण सेन्ट्रल कम्प्लेक्स प्रा.ली.**को विशेष कारणबस आ.ब. २०७७/०७८, २०७८/०७९, र २०७९/०८० को वार्षिक साधारण सभा हुन नसकेकोमा उक्त वार्षिक साधारण सभा यहि मिति २०६१ साल श्रावण महिना ८ गते मंगलबार दिनको १५:०० बजे प्रा.लि.को रजिष्टर्ड कार्यालय चावहिलमा बस्ने भएको हुँदा उक्त साधारणसभामा संचालक ज्यू तथा शेयरधनी ज्यूहरुको गरीमामय उपस्थितीको लागि अनुरोध गरीन्छ ।

**प्रबन्ध संचालक**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०३/२६**

**महाबौद्ध हेल्थ केयर सेन्टर प्रा.लि.**को मिति २०८१/०३/१६ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **महाबौद्ध हस्पीटल प्रा.लि. (प्रा.लि. नं.: १४७२०२)** कायम गर्ने गरी मिति २०८१/०३/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०९/२९ मा दर्ता भएको **प्रा.लि. नं. ५०९२४** को **सरस्वती एकेडेमी लेखफाँट प्रा.लि.** को मिति २०८१/०२/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०९/११ मा दर्ता भएको **प्रा.लि.नं. ७८८१६** को **पायोनियर एक्सन प्रा.लि.**को मिति २०८१/०३/२५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगानाः त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ९८५१२१७००४**

### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०३/२६**

**ग्लोबल मल्टी इन्टरनेशनल कन्सल्टेन्सी नेपाल प्रा.लि.**को मिति २०८१/०३/१७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लास्सो इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: ७७८३४)** साथै साविक ठेगाना परिवर्तन गरी **काठमाडौं महानगरपालिका-२८**, कायम गर्ने गरी मिति २०८१/०३/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६६/०६/०६ मा दर्ता भएको **प्रतिभा एक्सपोर्ट इम्पोर्ट ट्रेनिङ्ग प्रा.लि. (प्रा.लि. नं. ६६४०९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### माइग्रेसन हराएको सूचना

यहीँ मिति २०८१/०३/०६ गते, जनकपुरबाट काठमाडौंसम्म जाँदा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**नाम : आलिया ठाकुर**
**रजिष्ट्रेसन नं.** : 741711003
**सिम्बोल नं.**: 31700239
**सम्पर्कः ९८१३७६२४२३**

### एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/०३/२६

यस बैंकका निक्षेपकर्ता श्री हरि राम गोयलको नाति श्री माल चन्द गोयलको छोरा झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ३ घर भई हाल झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ३ बस्ने वर्ष ६० को श्री सन्जय कुमार गोयल (ना.प्र.नं. ११८०१२८१, जारी मिति २०४०/०१/०५ जारी जिल्ला झापा) को मिति २०८०/०३/१० गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको श्रीमती शारदा देबी गोयलले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमती शारदा देबी गोयलको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# उपधाराको बखेडा

अप्रत्यासित सरकार परिवर्तनको निर्णय अपेक्षित थिएन । अझ नेपाली कांग्रेस र नेकपा एमाले सम्मलित संयुक्त सरकार निर्माण स्वभाविक होइन । यी दुई पार्टी मिलेर सरकार निर्माण गर्दा स्वभाविक नलाग्नुको दुई कारण छन् । पहिलो, संसदीय लोकतन्त्रमा प्रमुख दुई वटा दल मिलेर बन्ने सरकारलाई सन्तुलनमा राख्ने अर्को बलियो शक्ति संसद्मा हुँदैन । नेपालकै सन्दर्भमा पनि प्रमुख प्रतिपक्षी दल बन्न लागेको नेकपा माओवादी केन्द्रको संसदीय संख्या असाध्यै सानो छ । ३२ सिटको माओवादीले प्रतिनिधि सभामा ११ प्रतिशत शक्तिको प्रतिनिधित्व गर्छ । यति सानो आकारको शक्तिले कांग्रेस–एमाले नेतृत्वको सरकारलाई दबावमा राख्ने विश्वास गर्न सकिदैन । जबकी मुलुकको संवैधानिक व्यवस्थामै प्रमुख प्रतिपक्षी दलको नेतालाई वेटिङ प्रधानमन्त्रीका रूपमा हेर्ने गरिन्छ ।


दुई ठूला दल मिलेर सरकार बन्न नहुने दोस्रो कारण वैचारिक–सैद्धान्तिक हो । कतिपयले वैचारिक कुराले केही फरक नपार्ने तर्क गर्छन् । तर कांग्रेस र एमालेले लामो समयदेखि फरक विचारधाराको अभ्यास र प्रतिनिधित्व गर्दै आएका छन् । यो फरक प्रतिनिधित्वले समाजलाई सन्तुलनमै राख्न सहयोग पुग्दै आएको थियो । तर नेताहरूले सरकार फेर्नकै लागि संविधान पुनरावलोकनको कुरा उठाएका छन् । कसैको माग नरहेको संविधान पुनरावलोकनको सहमति अर्को आपत्तिको विषय हो । यसरी अस्वभाविक तरिकाले कांग्रेस–एमालेले बनाउन लागेको सरकारबारे अर्को बखेडा निकाल्न खोजिदैछ । त्यसरी बखेडा निकाल्न खोज्नेहरूले प्रधानमन्त्री प्रचण्ड हटेपछि संविधानको धारा ७६ (३) बमोजिम सरकार निर्माणको आह्वान हुन सक्ने टिप्पणी गरिरहेका छन् ।

यस्तो तर्कले मुलुकको राजनीति फेरि अस्थिरता र अन्योलतर्फ धकेल्न खोजेको प्रष्ट हुन्छ । किनकि पहिलो र दोस्रो दल मिलेर सरकार निर्माण गर्ने निर्णय गरिसकेका बेला संविधानको उपधाराहरूबारे धेरै अल्मलिन आवश्यकता पर्दैन । जस्तो– कुनै दलसँग प्रष्ट बहुमत छ भने सरकार निर्माणबारे थप बहस गर्नु पर्दैन । तर प्रतिनिधिसभामा ८८ सिट रहेको कांग्रेस र ७९ सिट रहेको एमालेले सरकार बनाउने निर्णय गर्दा संयुक्त सरकार बन्न सक्दैन भन्ने व्याख्या गरिदैछ । यस्तो तर्कले केपी शर्मा ओली नभएर शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउँछ, तर अहिले दुई दलबीच ओलीलाई प्रधानमन्त्री बनाउने सहमति छ । यसको अर्थ मुलुकलाई फेरि अर्को अस्थिरतामा लैजान संविधानको उपधाराको बखेडा निकाल्न खोजिदैछ, जुन प्रयत्न मुलुकका निम्ति उचित होइन ।

# आर्थिक सुधारका लागि मुद्रा बजार

*कुनै पनि देशको आर्थिक सुधारको लागि मुद्रा बजारको निकै महत्वपूर्ण भूमिका रहन्छ । परन्तु, यहाँ आजसम्म पनि सम्बन्धित पक्षको ध्यान, आकृष्ट नभएकोले यसबाट खासै फाइदा प्राप्त गर्न सकिएको छैन ।*

अग्रलेख




● के.बी. बस्नेत

कोभिड-१९ पछि शिथिल भएको विश्व अर्थतन्त्र धेरै वर्षसम्म उकालो लाग्न सकेन । केही समययता रुस र युक्रेनबीच जारी युद्धको कारण आर्थिक गतिविधिहरू विश्वव्यापीरूपमा प्रभावित भएका छन् । एकातर्फ पेट्रोलियम पदार्थ र खाद्य वस्तुहरूको मूल्य वृद्धि भएको छ भने अर्कोतर्फ विश्व व्यापार गतिविधिहरू घटेका छन् । त्यसैले विगतमा कोभिड-१९ को महामारीबाट प्रभावित विश्व अर्थतन्त्रमा थप चुनौती थपिएको छ ।

आज विश्व अर्थतन्त्रमा विद्यमान परिवर्तनको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा परेको छ । वास्तवमा यहाँ खाद्य वस्तुहरूको मूल्यवृद्धि र लगानीयोग्य साधनहरूमा संकुचनको कारण अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ । ओरालो लागेको यहाँको अर्थतन्त्रको सुधारको लागि मुद्रा बजारले महत्वपूर्ण भूमिका खेल्छ । तर, खेदको कुरा त के छ भने यहाँ आजसम्म पनि यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान आकृष्ट हुन सकेको छैन ।

आज विश्वको अर्थतन्त्र शिथिल अवस्थामा छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२३ मा विश्व अर्थतन्त्रको वृद्धिदर न्यून रहने र सन् २०२४ मा केही सुधार हुने प्रक्षेपण गरेको छ । परन्तु, केही समयअघि रुस र युक्रेन युद्धको कारण पेट्रोलियम पदार्थको मूल्यवृद्धि एवम् आपूर्ति जस्ता व्यवधानका कारण मुद्रास्फीति उच्च रहनुका साथै बैंकहरूको ब्याजदर वृद्धि हुनाले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त नै छ । निःसन्देह विश्व अर्थतन्त्रले भोग्दै आएको उच्च मुद्रास्फितिको स्थितिमा केही सुधार नभएको होइन । यद्यपि, कर्जाको मूल्यमा अनिश्चितता, रुस र युक्रेनबीच जारी रहेको युद्ध र आर्थिक मन्दीको सामना गर्न अवलम्बन हुन सक्ने नीतिगत लचकताको कारण भविष्यमा विश्वमै मुद्रास्फीति बढ्न सक्ने जोखिम अझ पनि छ ।

आजसम्म पनि विश्व अर्थतन्त्रमा मद्रास्फीति उच्च रहेको र विद्यमान भूराजनीतिक तनावको कारण इन्धन तथा अन्य वस्तुहरूको मूल्यवृद्धि अझसम्म पनि कायम छ । यसबाट विश्व अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ र यस सन्दर्भमा नेपाल पनि अछुतो रहन सकेको छैन । नेपाललगायत विश्वको अर्थतन्त्रमा सुधार ल्याउन मुद्रा बजारको प्रवर्द्धनले महत्वपूर्ण भूमिका खेल्न सक्छ । कुनै पनि देशको वित्तीय अवस्था निर्धारणदेखि आर्थिक सुधारसम्म मुद्रा बजारले महत्वपूर्ण भूमिका खेल्छ । यसले जुनसुकै देशको अर्थतन्त्रलाई निर्धारण गर्छ । तसर्थ, वर्तमान समयमा प्रत्येक देशमा यसलाई विशेष महत्व दिन आवश्यक छ ।



वस्तुतः प्रत्येक देशको अर्थतन्त्रको तरलताको व्यवस्थापन गर्न, बैंक तथा वित्तीय संस्थाहरूको ब्याज निर्धारण गर्न, कर्जा बजार उपयुक्त किसिमबाट व्यवस्थापन गर्न र मौद्रिक नीतिलाई व्यवहारमा उतार्न मुद्रा बजारले अनुपम भूमिका खेल्छ । विकसित देशहरूमा मुद्रा बजार सबल भएकोले एकतर्फ लगानीकर्ताहरू आकर्षित भएका छन् भने अर्कोतर्फ उक्त देशका अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको छ । हाम्रा दुई विशाल छिमेकी राष्ट्रहरूमा पनि मुद्राबजारलाई उच्च प्राथमिकता दिइएकोले यिनीहरूको अर्थतन्त्रमा पनि उल्लेख्य प्रभाव परेको छ ।

नेपालको मुद्रा बजार निक्षेप संकलन ट्रेजरी बिल खरिद, रिपो, रिभर्स रिपो र अन्तर-बैंक कर्जामा सीमित छ । यहाँ अन्य देशहरूमा प्रचलित सर्टिफिकेट अफ डिपोजिटस, कमर्सियल पेपर, बैंकर्स पेपर आदि मुद्रा बजारका उपकरणहरू हालसम्म पनि प्रयोग गर्न सकिएको छैन किनभने यहाँ आजसम्म पनि मुद्राबजारको खासै महत्व महसुस गरिएको छैन । वास्तवमा केन्द्रीय बैंक र वाणिज्य बैंकहरूको ट्रेजरी विभागमा संलग्न व्यक्तिहरूले नाफामा भन्दा तरलता व्यवस्थापनमा जोड दिनु उपयुक्त हुन्छ । यहाँ मुद्राबजारलाई सरकार र केन्द्रीय बैंकले आजसम्म खासै महत्व दिएको छैन । किनकि यहाँको केन्द्रीय बैंक सरकारको लागि आन्तरिक ऋण उठाउन तल्लीन छ भने अन्य बैंकहरू ब्याजदर वृद्धि गरी आयआर्जन गर्न अभ्यस्त छन् ।

नेपालमा मुद्रा बजारसम्बन्धी ज्ञान भएका व्यक्तिहरूको कमी छ । यद्यपि, यस सम्बन्धमा तालिमको व्यवस्था गर्न सकिएको छैन । त्यसैले हालसम्म पनि यहाँ मुद्रा बजारका उपकरण परिचालन गर्न अभौतीकरणको व्यवस्था गर्न सकिएको छैन । यहाँ एकातर्फ मुद्रा बजारको प्रयोग गर्ने काम आउँदैन भने प्राविधिक पक्षको मूल्याङ्कन गर्दा पनि मुद्रा बजार प्राथमिकतामा पर्दैन । नेपालको डी-म्याटमा हालसम्म पनि मुद्रा बजारका उपकरणहरू प्रयोग गरिएको छैनन् । यसबाट यहाँको प्राथमिकताको तह प्रष्ट हुन्छ । आजसम्म पनि उक्त उपकरणहरू यहाँको दोश्रो बजारमा प्रयोग गर्न नसकिएकोले क्रेता तथा विक्रेताहरूले लाभ पाएका छैनन् ।

उदाहरणका लागि ९१ दिनको ट्रेजरी बिल कसैसँग छ भने उक्त रकमको भुक्तानी पाउन ९१ दिनसम्म कुर्नुपर्छ । यदि दोस्रो बजारमा कारोबार भए बजारको मूल्यअनुसार जसरी डिवेञ्चरको कारोबार हुन्छ त्यसरी नै उक्त बिलको कारोबार गर्न सकिन्थ्यो । उक्त बिलको कारोबार दोस्रो बजारमा गर्न नसक्नुले सम्बद्ध पक्षले यस तथ्यलाई प्राथमिकता नदिएको बोध हुन्छ ।

वास्तवमा कुनै पनि देशको आर्थिक सुधारको लागि मुद्रा बजारको निकै भूमिका रहन्छ । परन्तु, यहाँ आजसम्म पनि सम्बन्धित पक्षको ध्यान, आकृष्ट नभएकोले यसबाट खासै फाइदा प्राप्त गर्न सकिएको छैन । यहाँ मुद्रा बजारसम्बन्धी केही संस्थाहरू कार्यरत भए पनि कुनैको पनि स्वामित्व नभएकोले यस्तो भएको हो । नेपालमा हालसम्म पनि मुद्रा बजारसम्बन्धी तालिम दिने ठोस व्यवस्था नभएकोले यहाँका धेरै व्यक्तिलाई यसबारे राम्रो ज्ञान छैन । यहाँ वित्तीय विषयमा अध्ययन हुने भए पनि व्यवहारिक ज्ञानको कमी छ । त्यसैले, यहाँ अझसम्म मुद्राबजार व्यापक एवम् सर्वसुलभ गर्न सकिएको छैन ।

> *नेपालको मुद्रा बजार निक्षेप संकलन ट्रेजरी बिल खरिद, रिपो, रिभर्स रिपो र अन्तर–बैंक कर्जामा सीमित छ । यहाँ अन्य देशहरूमा प्रचलित सर्टिफिकेट अफ डिपोजिट्स, कमर्सियल पेपर, बैंकर्स पेपर आदि मुद्रा बजारमा उपकरणहरू हालसम्म पनि प्रयोग गर्न सकिएको छैन किनभने यहाँ आजसम्म पनि मुद्रा बजारको खासै महत्व महसुस गरिएको छैन ।*

मुद्रा बजारको महत्वबारे थाहा पाउन यससम्बन्धी पर्याप्त समाचारहरूको आवश्यकता पर्छ । तर, यहाँ यस्तो व्यवस्था नभएकोले सम्बन्धित संस्थाका व्यक्तिहरू पनि यस सम्बन्धमा अनभिज्ञ छन् । मुद्रा बजारको महत्वबारे विस्तृत ज्ञान प्रदान गर्न वित्तीय साक्षरताअनुसार उक्त बजारको विषय पनि समेटेर व्यापक प्रचार-प्रसार गर्न जरुरी छ । यसको लागि सम्बन्धित व्यक्ति तथा संस्थाहरूको सक्रिय सहयोगको आवश्यकता छ ।

विकसित देशहरूमा मुद्राबजारको विकासबाट त्यहाँका अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको छ । तर, यहाँ यस्तो हुन सकेको छैन । तसर्थ, आगामी दिनहरूमा यहाँको आर्थिक सुधारका लागि मुद्रा बजारका विभिन्न उपकरणहरू परिचालन गर्न आवश्यक छ । यसको लागि सम्पूर्ण सरोकारवालाहरू एकजुट हुनु जरुरी छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

'एमसीसी'अनुदान थियो, 'बिआरआइ' महँगो ऋण हो, करिब दुई प्रतिशत ब्याजदरको । नेपालले यति महँगो ऋण कसैसँग लिएको छैन । अहिल्यै २४ खर्ब ऋण छ, २८ खर्ब थपिँदा ५२ खर्ब हुन्छ, देशको जम्मा अर्थतन्त्र ५६ खर्बको छ । कसरी तिर्ने हो ? पोखरा विमानस्थल जस्तो योजना नचले, आय नदिए के गर्ने हो ?



**- सूर्यराज आचार्य**

ठूला दलहरूमा उल्लेख्य सुधारको सम्भावना कम छ । वैकल्पिक भनिने नयाँ दलहरू पनि अराजनीतिक जगमा सिर्जित लोकरिझ्याईंका आधारमा राजनीति गर्ने ध्याउन्नमा छन् । समाजमा विवेकभन्दा असन्तोष, आक्रोश र लहडको मनोविज्ञान हाबी छ । आशावादी हुने मन छ, तर वास्तविकता यस्तै-यस्तै छ !



**- कृष्ण घिमिरे**

डेंगुका बिमारी ह्वात्तै बढेका छन् । भरतपुर अस्पतालमा जचाउनेको लाइन छ । लाइन नजिकै बस्ने एक बृद्धको गजबको टिप्पणी सुनियो- अब नयाँ सरकार अनि प्रम बन्दैछन्, ओम्नीलाई डेंगुको औषधिको ठेक्का मिल्ने होला ! जनता हुन्, करतुत अझै बिर्सेका छैनन् । समस्या-भोट हाल्दा भने नेफोलीको दिमाग पुरै चौपट !



**- च्वयन घिमिरे**

सर्वसाधारणको लगानी जोखिममा पर्न सक्ने रिलायन्स स्पिनिङको आईपीओमाथि प्रश्न उठिरहेको र उजुरी परिरहेको छ, सार्वजनिक लेखा समितिले छानबिन गर्दैछ । तर, एक-दुई मिडिया छाडेर नागरिकलाई सूचित गराउने समाचार देखिँदैन । अझ केही कबज मिडियाहरू भने आइपीओ खुल्दै भनेर प्रचार गर्दैछन् ।

# स्वार्थले बनाएको गठबन्धन

*निकै निहित स्वार्थ प्रेरित शैलीमा बनाइएका गठबन्धनले एकले अर्कोलाई सिध्याउने बाहेक अर्को भूमिका खेल्ने छैनन् । यसले देशलाई निकास देला भनेर कल्पना गर्न सकिन्न ।*

विचार



● खगेन्द्र पौडेल

अनौठो गरी नेपाली कांग्रेस र नेकपा (एमाले) गठबन्धन बनाउने निर्णयमा पुगे । सत्ता राजनीतिको केन्द्रबाट केही पर पन्छिएका एमाले अध्यक्ष केपी शर्मा ओली फेरि केन्द्रमा आइपुगे । यो अनौठो र अप्रत्याशित घटनाक्रमका आधारहरू निकै नै होलान् । यद्यपि, यसले ठुलो दल कांग्रेसका सभापति शेरबहादुर देउवालाई फेरि एक पटक सत्ताको केन्द्रबाट केही पर पन्छाएको छ । देउवाको फेरि प्रधानमन्त्री हुने सम्भावनालाई तत्कालका लागि नकारेको छ ।

संवैधानिक व्यवस्थालाई सही ढंगले परिपालना गराउन सकेमा अबको प्रधानमन्त्री देउवाको विकल्प थिएन । यद्यपि, देउवालाई प्रधानमन्त्री बन्ने वातावरण बन्न दिइएको छैन । नेपाली कांग्रेसभित्रैबाट उनलाई असफल पार्ने प्रयत्न भइरहेको छ । उनकै पक्षमा देखिएका मानिसहरू पनि उनका लागि नै सकस भइरहेका छन् । यदि मिलाउन सकेको भए, देउवा यसपालि नै प्रधानमन्त्री हुन सक्थे तर, उनका लागि आन्तरिक अवस्था नै अनुकूल बन्न सकेन ।

अहिले देउवा बाध्यकारीरूपमा एमालेसँगको सत्ता सहकार्यमा जुटेका छन् । यद्यपि, देउवालाई असफल बनाउन गठबन्धन फोड्ने र विकल्प खोज्ने खेल कांग्रेसभित्रैबाट सुरु भएको छ । केही उच्च तहकै नेताहरूले कांग्रेस-एमाले गठबन्धन अनुचित भन्दै विकल्प खोज्नुपर्ने बताउन थालेका छन् ।

केहीले यसले लोकतन्त्र मास्ने तर्क गरेका छन् त केहीले कांग्रेस सकिने चिन्ता व्यक्त गरेका छन् । पटक-पटकका संसद् विघटनका नजिरलाई पनि नेताहरूले कोट्याइरहेका छन् । हुन पनि ओलीले सुरुदेखि नै मध्यावधिको कुरा गरिरहेका छन् । उनले तत्कालै चुनाव भएमा एमालेले एकल बहुमत ल्याउन सक्ने दाबी पनि गरिरहेका छन् । जुन ओलीको रणनीतिको सिकार नयाँ गठबन्धन नहोला भन्न सकिन्न । यदि देउवालाई रनभुल्लमा पारे भने मुलुक मध्यावधितर्फ नजाला भन्न पनि सकिन्न ।

राजनीतिमा सबै कारण आन्तरिक मात्रै पनि हुँदैनन्, धेरै बाह्य कारणबाट पनि प्रभावित हुन्छन् । जुन कतिपय हस्तक्षेपकारी खालका हुन्छन् भने कतिपय स्वाभाविक खालका हुन्छन् । यति बेला रुस-युक्रेन युद्ध, इजरायल-प्यालेस्टाइन युद्ध र एसिया प्रशान्त क्षेत्रमा सम्भावित युद्धको जुन स्थिति बनिरहेको छ, यसले प्रतिकुलता थपिदिएन भने धेरै सम्भव छ देश मध्यावधिमा जानेछ । संविधान संशोधनको एजेन्डा मूलतः यसकै वरिपरि भएको जस्तो पनि देखिन्छ । यदि त्यस्तो भएमा ओली सफल हुनेछन् भने देउवा असफल हुनेछन् ।

अर्कोतर्फ, यसपटक माओवादी केन्द्रले संसद् फेस गर्ने कुरा, निर्देशित ढंगले केही साहसिक फैसला र कार्यान्वयनको लागि अवसर प्राप्त गर्न चाहेको होइन भने मूल्यको हिसाबले नोक्सानी बेहोर्नुबाहेक केही देखिन्न । माओवादीका लागि परिस्थिति निकै प्रतिकुल बनिरहेको छ । एकातिर माओवादी एजेन्डा हराउने परिस्थितिमा छ भने अर्कोतिर सत्ता र शक्तिको पहुँचबाट एकै पटक पाखा पन्छिँदैछ ।

ब्रिटेनमा कन्जरभेटिभको हार, अमेरिकामा बाइडेनको पराजयको सम्भावना, बोलिभियामा साम्राज्यवादी सहयोगमा गरिएको सैनिक विद्रोहको असफलता पुटिनको शानदार चुनावी जीत, युरोपमा युद्धको कारण बढ्दो असन्तुष्टि, संवेदनशील गठबन्धनमा टिकेको मोदीराज जनप्रतिरोधका उभार उठ्ने केही सङ्केतहरू यस्ता प्रभावकारी स्थिति हुन जसले परोक्ष ढंगले नेपाली राजनीतिमा प्रभाव पार्ने सम्भावना छ । यदि प्रचण्डको डायनामिक्सले यसलाई समाउन सक्यो भने ओलीको मध्यावधि माओवादी केन्द्रका लागि जीवनदायी घटना पनि बन्न सक्छ ।

यद्यपि, घटनाहरू यसरी नै अगाडि बढ्छन् भनेर भन्न सकिने अवस्था छैन । तथापि, निकै निहित स्वार्थ प्रेरित शैलीमा गर्न खोजिएका गठबन्धनले भने एकले अर्कोलाई सिध्याउने बाहेक अर्को भूमिका खेल्ने छैनन् । यसले देशलाई निकास देला भनेर कल्पना गर्न सकिन्न ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | आकस्मिक धनलाभको योग छ । विरोधी सक्रिय रहनेछन् । |
| वृष : | यश र पराक्रम बढ्नेछ । सम्बन्धहरूमा मधुरता छाउनेछ । |
| मिथुन : | राजकीय कार्य सफल हुनेछ । आत्मविश्वासमा वृद्धि हुने योग छ । |
| कर्कट : | सोचेर फैसला लिनुपर्छ । प्रभावमा वृद्धि हुनेछ । |
| सिंह : | जग्गा सम्बन्धी कार्यमा प्रगति हुनेछ । वाणी संयम राख्नुहोला । |
| कन्या : | नाता-गोतासँग भेटघाट हुनेछ । वाणी संयम राख्नुहोला । |
| तुला : | सबै कार्य सफल हुनेछ । पदोन्नतीको योग छ । |
| वृश्चिक : | स्वास्थ्य राम्रो रहनेछ । सामाजिक जीवन प्रभावशाली रहनेछ । |
| धनु : | मनोबल उच्च रहनेछ । सम्बन्धहरूमा मधुरता छाउनेछ । |
| मकर : | धार्मिक कार्यमा रुचि बढ्नेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| कुम्भ : | शान्तिमा वृद्धि हुने योग छ । पारिवारिक दायित्व बढ्नेछ । |
| मीन : | अचल सम्पत्तिमा वृद्धि हुनेछ । परिश्रमबाट कार्य सफल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# युद्धले समस्या समाधान गर्न सक्दैन : मोदी



**काठमाडौं/एजेन्सी–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार मस्कोमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई शान्ति 'अत्यन्तै महत्वपूर्ण' भएको र 'युद्धले समस्याहरूको समाधान नगर्ने' बताएका छन् ।

'एक मित्रका रूपमा हाम्रो आगामी पुस्ताको उज्ज्वल भविष्यका लागि शान्ति अत्यन्त महत्वपूर्ण छ भनी मैले भनेको छु,' पुटिनसँगै बसेर हिन्दी भाषामा उनले भने, 'जब निर्दोष बालबालिकाहरूको हत्या हुन्छ, उनीहरू मरेको देख्दा मुटु दुख्छ, त्यो पीडा असह्य हुन्छ ।'

आफ्नो मस्को भ्रमणका क्रममा पुटिन र आफूले युक्रेनमा रुसी अभियानबारे पनि छलफल गरेको बताए । 'एउटा सच्चा मित्रका रूपमा हामी सँगै थियौं र धेरै मुद्दामा छलफल गर्यौं,' उनले भने, 'युक्रेनका बारेमा हामी दुवैले आफ्नो विचार खुला र विस्तृतरूपमा राख्न सकेकामा मलाई खुशी लागेको छ ।'

रुसले युक्रेनका शहरहरूलाई लक्षित गर्दै तीन दर्जनभन्दा बढी मानिसको ज्यान लिएको र किएभको बाल अस्पताललाई ठूलो क्षति पुर्याएको केही घण्टापछि मोदी सोमबार मस्को पुगेका थिए । उक्त आक्रमणको युरोप र उत्तरी अमेरिकाका सरकारहरूले निन्दा गरेका छन् ।

'मलाई थाहा छ, युद्धले समस्याको समाधान गर्न सक्दैन, समाधान र शान्ति वार्ता बम, बन्दुक र गोलीमा सफल हुन सक्दैन, साथै हामीले वार्तामार्फत शान्तिको मार्ग खोज्न आवश्यक छ,' मोदीले भने ।

रुस भारतका लागि कम मूल्यमा तेल र हतियारहरूको प्रमुख आपूर्तिकर्ता हो, तर पश्चिमबाट मस्कोको एक्लोपन र बेइजिङसँगको बढ्दो मित्रताले नयाँदिल्लीसंगको उसको साझेदारीलाई असर गरेको छ ।

हालैका वर्षहरूमा पश्चिमी शक्तिहरूले पनि चीन र एसिया–प्रशान्तमा उनीहरूको बढ्दो प्रभावका रूपमा भारतलाई रुसबाट टाढा रहन दबाब दिँदै भारतसँग सम्बन्ध विकास गरेका छन् ।

## मोटरसाईकल हरायो

मिति २०८१/०३/१० गते का.म.न.पा.-११, त्रिपुरेश्वर, उद्योग विभागमा पार्किङ गरि राखेको अवस्थामा बा.प्र. ०१–०४३ प ७६७१ नम्बरको 150 cc पल्सर कम्पनीको कालो/निलो रङको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **चिरन कार्की**
**ईन्जिन नं.** : DHXPPA 87155
**च्यासिस नं.** : MD2A11CX1PPA 26086
**सम्पर्क नं.** : **९८६१६१२५५६**

## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कन्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

### आ.व.२०८१/०८२ का लागि सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) संकलनको ठेक्का सम्बन्धी बोलपत्रको आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०३।२६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ.व. २०८१।०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायमा उल्लेखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्मलाई तोकिएको शर्तको अधिनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np माध्यम मार्फत पेश गर्न यो सूचना जारी गरिएको छ ।

**तपसिल**

| बोलपत्र/ठेक्का नं. | सडक सेवा शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| ०१/IR/ २०८१/०८२ | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) | ३७,५०,०००।- | ३०००/- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरु**

१. बोलपत्र सम्बन्धी कागजातहरु रु. ३,०००।- (पछि फिर्ता नहुने गरी) बोलपत्र दस्तुर एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको राजश्व खाता नं. 1852050028240002 मा रकम जम्मा गरेको सक्कल बैंक भौचर लिई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत आवेदन दिन सकिनेछ ।
२. खरिद गरेको बोलपत्र मिति २०८१/०४/२५ गते दिनको १२:०० बजेसम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन ।
३. धरौटी (जमानत) बापत आफुले कबोल गरेका अंकको ५ प्रतिशतका दरले हुने रकम बेदकोट नगरपालिका, नगर कार्यपालिकाको एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको धरौटी खाता नं. I5CA052423252403 मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
४. बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।
५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर सम्बन्धित दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।
६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।
७. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## ROMANIA मा रोजगार।

कम्पनी: HUMANITARIAN HUMAN RESOURCES SRL
शहर: BUCHAREST

पुर्व स्वीकृत मिति: २०७९/१२/२० | चलानी नं.:६०२००७०६ | L.T. No.:283947 | पून विज्ञापन

| सि.न. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब USD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Boy | 120 | स. काममा दक्ष | 550 | ७३,३१५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय, श्रृजना चोक पोखरामा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।
अन्तर्वार्ता सि.पी होटेल विर्तामोड झापामा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।
अन्तर्वार्ता होटेल रेड कारपेंट चितवन भरतपुरमा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।

यसै कम्पनीको लागि Kitchen Helper, Waiter/Waitress, Housekeeping & cleaner को पनि माग भई आएकोले नि:शुल्क परामर्शको तथा अन्तर्वार्ताको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Humanitarian Human Resources Pvt. Ltd
Gov. Lic No. 1551/078/079
Dharapati-3 Maharajgunj, Kathmandu, Nepal.
Tel: +977-1-4965983, 4965264, E-mail: document.humanitarianhr@yahoo.com
Kathmandu Contact No: 9801090472, 9762423232, 9813966530, 9803047942.
Brach Office Pokhara Contact No: 061591040, Mobile: 9802851906, 9802851907, 9802851908, 9802851909.
Jhapa Contact No: 9804961414, 9852691999. Chitwan Contact No: 9855050251, 9818518608, 9855054708.


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०१/२७ मा दर्ता भएको **प्रा.लि.नं. ३१२३०७** को **ट्युसन ग्यालरी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०४/१४ मा दर्ता भएको **प्रा.लि.नं. २१९८७९** को **ब्रिस्क सर्जिकल एण्ड डाइग्रोस्टिक्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SEATTLE INTERNATIONAL SERVICES | शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/१२/०६ | चलानी नं.: ६०२१६८०९ | LT. No.: 301936 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 28 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,९१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 10 | 0 | | 1100 | ३९,९१९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067 | ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: IFM FACILITIES MANAGEMENT LLC | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/११/२० | चलानी नं.: ६०२१५९४० | L.T. No.: 301030 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 15 | 4 | सम्बन्धित काममा दक्ष | 800 | २९,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Team Leader | 5 | 0 | | 1527 | ५५,४१४ | | | | | | | |
| 3. | Housekeeping Supervisor | 5 | 0 | | 3500 | १२७,०१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

Al Secure Manpower Recruitment P. Ltd.
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700. | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## Kuwait मा रोजगार।

कम्पनी : NESTO HYPERMARKET COMPANY WLL
पूर्व स्वीकृत मिति: २०८०/०७/१५ | चलानी नं.: ६०२०९५३७ | L.T. No.: 294423 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WAREHOUSE WORKER | 0 | 7 | स. काममा दक्ष | 120 | ५२,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।

कम्पनी : NESTO HYPERMARKET COMPANY WLL
पूर्व स्वीकृत मिति: २०७९/०८/२५ | चलानी नं.: ६०१९३१३१ | L.T. No.: 277500 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sweets Seller | 0 | 4 | सम्बन्धित काममा दक्ष | 120 | ५२,२७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Worker / Offices | 5 | 0 | | 100 | ४३,५६२ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२

## कतारमा रोजगार

कम्पनी: SHAPLA CONT. CLEANING & HOSPITALITY W.L.L. | शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८०/०४/२२ | चलानी नं.:६०२०५७४२ | LT. No.: 290509 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Busin. Executive | 2 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १०९६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 1 | 0 | | 2000 | ७३१०० | | | | | | | |
| 3. | Foreman | 6 | 0 | | 2500 | ९१३७५ | | | | | | | |
| 4. | Administrative Supervisor | 4 | 0 | | 3500 | १२७९२५ | | | | | | | |
| 5. | Labourer | 5 | 0 | | 1000 | ३६५५० | | | | | | | |
| 6. | Painter | 3 | 0 | | 1200 | ४३८६० | | | | | | | |
| 7. | Supervisor | 4 | 0 | | 2500 | ९१३७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २ गते (17 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

C.D. Human Resources Pvt. Ltd.
Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263, | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile : 9808793080/ 9818272436/ 9826035409/ 9823772238

## युएईमा रोजगार |

कम्पनी: EMCORE ELECTROMACHANICAL CONTRACTING LLC | शहर: UAE
पूर्व स्वीकृत मिति :२०८०/०९/२२ | चलानी नं.६०२१२७६७ | LT. No.: 297777 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Conditioning Assistant | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,८०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1400 | ५०,८०६ | | | | | | | |
| 3. | Mechanic Assistant | 2 | 0 | | 1400 | ५०,८०६ | | | | | | | |
| 4. | Plumber | 2 | 0 | | 1400 | ५०,८०६ | | | | | | | |
| 5. | Plumber Assistant | 1 | 0 | | 1400 | ५०,८०६ | | | | | | | |

अन्तर्वार्ता खुकुरी होटल, इटहरी, सुनसरीमा २०८१ साउन २ र ३ गते (17 & 18 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
